गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सान्डाँडा, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

वेव: www.gangadevmun.gov.np
इ-मेल: gangadevmun@gmail.com
फोन नं.: ९८५७८०५००/९८६०८२३७३७

# गंगादेव गाउँ कार्यपालिकाको बैठकको प्रेस नोट:

## गाउँ कार्यपालिकाको मिति २०७८ माघ ९ गते सम्पन्न बैठकका प्रमुख निर्णयहरू:

मिति: २०७८/१०/१०

१. कुपोषणका वालवालिकाहरुलाई उपचार गर्न यस गंगादेव गाउँपालिका वडा नं २ स्थित जिनावाङ स्वास्थ्य चौकी लाई ओ टि सि सेन्टर कायम गर्ने ।

२. बिरामीको चापलाई मध्य नजर गर्दै तत्काल गंगादेव गाउँपालिका वडा नं १,२ र ३ का जनताका विरामीको सहजिकरणका लागी आधारभुत स्वास्थ्य केन्द्र कुकुरगारेबाट संचालन गर्नेगरी एम्बुलेन्स खरिद गर्ने ।

३. गाउँपालिकामा रहेका बिभिन्न स्वास्थ्य संस्थाबाट कोभिड -१९ का लक्षण चिन्ह भएका बिरामीहरुको एन्टिजेन परिक्षणकालागी संस्थामा कार्यरत पारामेडिक्स कर्मचारीलाई स्वाब संकलन तथा परिक्षणका गर्न दक्ष जनशक्तिबाट तालिम दिई संस्थागत रुपमा एन्टिजेन परिक्षण गरी परिक्षणको दायरा फराकिलो बानउने।

४. गंगादेव गाउँपालिकामा रित्त असिष्टेन्ट सब-ईन्जियर पदमा १ (एक जना) करार कर्मचारी नियुक्तीका लागि विज्ञापन गर्ने ।

५. गंगादेव गाउँपालिका र गाउँपालिका अन्तर्गतका तपशिल बमोजिमका करार तथा ज्यालादारी कर्मचारीहरुको करार सम्झौता नविकरण गर्ने ।

६. विश्वभर माहामारीको रुपमा फैलिरहेको कोरोना संक्रमणलाई मध्यजनर गर्दै यस गाउँपालिका भित्रका सबै विद्यालयहरु मिति २०७८/१०/१० गते देखी लागुहुने गरी एक हप्ताको लागि बन्द गर्ने ।

७. गंगादेव गाउँपालिका अन्तर्गत कृषि विकास शाखाको मिति २०७८/०७/२९ र २०७८/०८/२० गतेको निर्णय र गाउँ शिक्षा समितिको मिति २०७८/१०/०९ गतेको निर्णय नं. १ समेत अनुमोदन गर्ने ।

८. गाउँपालिकामा आवश्यक कार्यविधि, ऐन तथा नियमावलीहरु प्रदेश तथा संघिय सरकारसंग नबाझिने गरी मिति २०७८/१०/१८ गतेसम्म बनाई सक्ने ।

९. गाउँपालिका र वडाहरुमा कार्यरत प्राविधिक कर्मचारीहरुको मिति २०७८/१०/०९ गते देखी लागुहुने गरी तलवको ४० प्रतिशतका दरले प्राविधिक फिल्ड भत्ता उपलब्ध गराउने

प्रमाणित गर्ने:

शालिकराम बस्नेत
नि. प्रमुख प्रशासकीय अधिकृत

गंगादेव गाउँ कार्यपालिका बैठक २०७८